# अमेरिका र चीनबीच कर वृद्धिबारे सम्झौता गर्न पुनः वार्ता

■ एजेन्सी



स्टकहोम । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीति महत्त्वपूर्ण हप्तामा प्रवेश गर्दै गर्दा संयुक्त राज्य अमेरिका र चीनका उच्च आर्थिक अधिकारीहरूबीच सोमबारदेखि यहाँ वार्ता सुरु भएको छ । विश्वका २ ठुला अर्थतन्त्र भएका मुलुकहरूले व्यापार युद्धविरामलाई थप ९० दिनका लागि विस्तार गर्ने सहमतिको आशा बढ्दै जाँदा २ मुलुकबीच नयाँ चरणको वार्ता सुरु भएको हो ।

वार्तामा अमेरिकाको नेतृत्व अर्थमन्त्री स्कट बेसेन्ट र चीनको नेतृत्व उपप्रधानमन्त्री हे लाइफेङले गरेका छन् । गत मे महिनामा जेनेभा र लन्डनमा अमेरिका र चीनका शीर्षअधिकारीहरूको भेटवार्तापछि अमेरिका र चीनले एकअर्काको सामानमा अस्थायी रूपमा कर घटाउन गरेको युद्धविराम आगामी १२ अगस्टमा सकिँदै छ ।

गत जनवरीमा ट्रम्प ह्वाइ हाउस फर्किएपछि अमेरिका र चीनले एकअर्कामाथिको आयात शुल्क १०० प्रतिशतभन्दा माथि पुर्‍याएका थिए ।

गतसाता अमेरिकी अर्थमन्त्री बेसेन्टले चीनसँगको वार्ता निकै फलदायी रहेकाले नयाँ चरणको वार्ताले दोस्रो युद्धविराम हुनसक्ने जनाउ दिएका थिए । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार स्टकहोमको वार्ताले अमेरिका र चीनले युद्धविरामलाई थप ३ महिना लम्ब्याउने अपेक्षा गरिएको जनाएका छन् ।

यसैबीच अमेरिकाले व्यापार वार्तालाई बिथोलिनबाट जोगाउन र यस वर्ष चिनियाँ राष्ट्रपति सी जिनपिङ र राष्ट्रपति ट्रम्पको भेटलाई सघाउ पुर्‍याउन अमेरिकाले चीनमा प्रविधि निर्यातमा लगाएको प्रतिबन्धहरू रोकेको छ ।

प्रविधि निर्यात र एआईका लागि प्रयोग हुने चिप्सहरू अहिले व्यापार विवादको केन्द्रमा छन् । अमेरिकी सुरक्षा अधिकारीहरूले उच्चस्तरीय अमेरिकी चिप्स चिनियाँ सेनाले प्रयोग गर्न सक्ने र आविष्कारको दौडमा रहेका कम्पनीहरूलाई यसले सहयोग गर्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

पछिल्लो अमेरिका–चीन वार्ता गत हप्ता वासिंगटनले इयू र जापानसँग सम्झौता गरेपछि भएको हो । गत आइतबार ट्रम्प र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले व्यापार सम्झौताको ढाँचाको घोषणा गरेका थिए । यो घोषणाले विश्वका २ ठुला आर्थिक साझेदारहरूबीचको महिनौं लामो गतिरोध अन्त्य गरेको थियो । गत साता ट्रम्पले वासिंगटनले टोकियोसँग ठुलो व्यापार सम्झौतामा सहमति जनाएको बताएका थिए । यो हप्ता अमेरिका–चीन वार्ताबाट कुनै ठुलो सफलताको अपेक्षा नगरिए पनि उनीहरूले युद्धविरामको अवधि बढाउने अपेक्षासाथ नयाँ भन्सार अवरोधले विश्वव्यापी व्यापार प्रभावित नहुने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

# दक्षिण कोरियाको वार्ता प्रस्ताव उत्तर कोरियाद्वारा अस्वीकार



■ एजेन्सी

सियोल । उत्तर कोरियाका नेता किम जोङ उनकी बहिनी किम यो जोंगले दक्षिण कोरियाको नयाँ सरकारले २ देशबीच शान्ति स्थापनाका लागि राखेको वार्ताको प्रस्ताव अस्वीकार गरेकी छन् । उनले सोमबार उत्तर कोरियाको दक्षिण कोरियासँग संवाद अगाडि बढाउने कुनै चासो नभएको बताउँदै आफ्नो प्रतिद्वन्द्वीले कुनै नयाँ प्रस्ताव ल्याए पनि त्यो अस्वीकार्य हुने बताएकी हुन् ।

'हामी पुनः एकपटक आधिकारिक रूपले यो कुरा स्पष्ट भन्न चाहन्छौं कि सियोलमा कुनै नीति अपनाइयोस् अथवा कुनै पनि प्रस्ताव राखियोस्, त्यसमा हाम्रो रुची हुने छैन । उनीहरूसँग भेट्नुपर्ने कारण पनि छैन न त चर्चाका लागि कुनै मुद्दा नै छ,' किम यो जोंगले भनेकी छन् ।

किम यो जोंगको भनाइले भविष्यमा उत्तर कोरियाले दक्षिण कोरिया वा अमेरिकासँग कुनै पनि प्रकारको कूटनीतिक वार्ता नगर्ने प्रष्ट भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

उत्तर कोरिया हाल रुसका साथ बढ्दो सहयोगमा ध्यान दिइरहेको छ । विज्ञहरूले उत्तर कोरियाले रुस र युक्रेनबीचको युद्ध समाप्त भएपछि पनि रुससँग उसले सम्बन्ध पहिलाकै जस्तो नराखेमा आफ्नो योजना परिवर्तन गर्ने संकेत गरेको दाबी गरेका छन् ।दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङ गत जुनमा राष्ट्रपतिमा निर्वाचित भएका थिए । उत्तर कोरियासँगको तनावपूर्ण सम्बन्धलाई सुधार्नका लागि राष्ट्रपति म्युङको सरकारले कैयौं कदम उठाएको छ ।

यही बीचमा उत्तर कोरियाले चोइ ह्योन श्रेणीको आफ्नो तेस्रो जंगी पोत निर्माणको काम सुरु गरेको छ । यो पोतलाई आगामी वर्षको अक्टोबरसम्म बनाइसक्ने योजना उत्तर कोरियाको छ । यो पोत उत्तर कोरियाको सर्वोच्च नेता किम जोङ उनको त्यो संकल्पअनुसार बन्दै छ, जसले देशमा लामो समयदेखि उपेक्षित नौसेनालाई बलियो बनाउन हरेक वर्ष ठुलो पोत बनाउने अठोट लिएका थिए ।

कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार देशको पश्चिम तटमा रहेको नाम्फो सिपयार्डमा नयाँ पोतको निर्माणका लागि कार्यक्रम गरिएको थियो, जहाँ कैयौं उत्तर कोरियाली शीर्ष अधिकारी सहभागी थिए । सन् १९५०–५३ को कोरियाली युद्ध शान्ति सन्धिमा नभएर युद्धविरामबाट समाप्त भएकाले २ देश प्राविधिक रूपमा युद्धमा नै छन् ।

दक्षिण कोरियाको मुख्य सुरक्षा सहयोगी संयुक्त राज्य अमेरिकाले आणविक हतियार सम्पन्न उत्तरबाट आक्रमणहरूबाट बचाउन मद्दत गर्न दक्षिणमा लगभग २८ हजार सैनिक राखेको छ ।

# भोकमरी कहिल्यै पनि युद्धको हतियार हुनु हुँदैन : राष्ट्रसंघ प्रमुख

■ एजेन्सी

अदिस अबाबा । संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसले भोकमरीलाई युद्धको हतियारका रूपमा अस्वीकार गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् । महासचिव गुटेरेसले इथियोपियामा आयोजित संयुक्त राष्ट्रसंघको सम्मेलनमा भिडियो सम्मेलनमार्फत यो कुरा भनेका हुन् ।

'जलवायु परिवर्तनले बालीनालीको उत्पादनमा कमी आएको र द्वन्द्वग्रस्त मुलुकमा आपूर्ति शृंखला रोकिँदा मानवीय सहायतामा बाधा भएको छ । द्वन्द्वले गाजादेखि सुडान र त्यसभन्दा बाहिर भोकमरी फैलाइरहेको छ', उनले भने, 'भोकमरीले अस्थिरतालाई बढावा दिन्छ र शान्तिलाई कमजोर बनाउँछ । हामीले भोकलाई युद्धको हतियारको रूपमा कहिल्यै स्वीकार गर्नु हुँदैन ।' उक्त आरोपको इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको नेतृत्वको सरकारले प्रतिवाद गरेको छ । उसले यसको सट्टा सहायता निकायहरू गाजाको सीमा पार गर्ने विन्दुहरूमा वितरण गरिएको सहायता लिन र वितरण गर्न असफल भएको आरोप लगाएको छ ।

संयुक्त राष्ट्रसंघका निकायहरूले गाजामा सहायता सामग्रीको आपूर्ति रोकिँदा भएको खाद्यान्न अभावले भोकमरीको खतरा निम्तिने चेतावनी दिँदै आएका छन् र युद्धविरामका लागि अन्तर्राष्ट्रिय दबाब सिर्जना भइरहेको छ । युद्धग्रस्त प्यालेस्टानी क्षेत्र गाजा २१ महिनाको युद्धले सिर्जना गरेको भयानक मानवीय अवस्थाले जकडिएको छ । इजरायलले मार्चदेखि मेसम्म सहायतामा पूर्णरूपमा नाकाबन्दी लगाएपछि यहाँको स्थिति अझ खराब बनेको छ । नाकाबन्दी खुकुलो बनाएयता गाजामा पुग्ने सहायताको स्तर र सहायता समूह आवश्यकताभन्दा निकै कम भएको छ । आइतबार इजरायलले संयुक्त राष्ट्रसंघ र सहायता एजेन्सीहरूलाई भोकमरीको गम्भीर संकटसँग जुध्नका लागि 'रणनीतिक विराम' सुरु गरेसँगै विश्व स्वास्थ्य संगठनले कुपोषण 'खतरनाक स्तरमा' पुगेको चेतावनी दिएको थियो ।

संयुक्त राष्ट्रसंघको आप्रवासन निकाय (आइओएम) का क्षेत्रीय निर्देशक ओथमान बेलबेसीले पत्रकारहरूलाई सुडान विश्वले सामना गरिरहेको सबैभन्दा ठुलो र सबैभन्दा कम स्मरण गरिएको मानवीय विपत्ति रहेको बताएका थिए । सन् २०२३ को अप्रिलदेखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहान र प्रतिद्वन्द्वी अर्धसैनिक 'र्‍यापिड सपोर्ट फोर्सेज'का कमान्डर मोहम्मद हमदान डग्लोबीचको शक्ति संघर्षका कारण सुडान टुक्रिएको छ । यस युद्धमा १०औं हजारको मृत्यु भएको छ भने ७० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् ।

## गोलिया काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०४/१३ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम सहमति ईजाजत अनुसार समूहको घाटगद्धीमा राखिएको साल लगायतको जातको गोलिया थान १७५ को ३७२.३० घ.फि. काठ र साल जातको ०.५० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यससम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचनापाटीमा टाँस गरिएको छ ।

**बेलझुण्डी सा.व.उ.स**
**मधुवन-३, बर्दिया**

## घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना

**मिति : २०८२/०४/१३**

महालक्ष्मी नगरपालिका वडा नं. ५ साविक टिकाथली वडा नं.५ स्थित संजित यादवको नाममा दर्ता प्रमाणित भएको टिकाथली गा.वि.स.वडा नं.१ कित्ता नं.४७६ क्षेत्रफल १११.२७.व.मी.जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०८२ साल आषाढ ६ गते महालक्ष्मी नगरपालिका वडा नं.५ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा म्याद बारम्बार बुझाउन जाँदा संधियार सम्पर्क गर्न नसकिएकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई संधियारलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधीभित्र महालक्ष्मी नगरपालिकाको ५ नं. वडा कार्यालयमा निवेदन तथा संधियारको जानकारीको लागि सूचना गरिन्छ । यो सूचना प्रकाशित भएको १५ दिन भित्र कोही कसैले कुनै किसिमको दावी विरोध नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिफारिस भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**तपशिल :** **दक्षिण तर्फको संधियारः निशा अधिकारी (कि.नं.१०२)**

**महालक्ष्मी नगरपालिका**
**५ नं. वडा कार्यालय, टिकाथली, ललितपुर**

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकका खातावाला श्री कृष्ण बहादुर बयलकोटीको नाती, श्री रत्न बहादुर बयलकोटीको छोरा, तेह्रथुम जिल्ला म्याङलुङ न.पा. वडा नं.-९ स्थाई ठेगाना भई हाल तेह्रथुम जिल्ला म्याङलुङ न.पा. वाड नं.-१ मा बस्ने श्री शंखर बहादुर बयलकोटी सार्कीको मिति वि.सं. २०८१/०९/२९ (२०२५-०१-१३ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०१६०११०६०००१८९० मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमति कुमारी बयलकोटी सार्कीले मिति २०८२/०१/२६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निजहरु निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

म्याङलुङ, तेह्रथुम, फोन : ०२६-४६०७३४, ४६०७३५

## समितिमा छलफल...

मुख्यतया दफा २ मै सबैको चासो भएकाले एकै प्रकृतिको विषयमा छलफल गर्न धेरै समय नलाग्ने समितिको अनुमान छ ।

'२२ गतेभित्र छलफल सकेर २५ गतेसम्म समितिको प्रतिवेदन संसद् लाने हाम्रो तयारी हो । तर, दलहरूबीचको सहमति के हुन्छ भन्ने विषय महत्वपूर्ण रहन्छ,' सचिव बरालले भने, 'अहिले भइरहेको बहस हेर्दा सबै दल सहमतिमा आउँछन् भन्ने नै छ, प्रस्ताव र संशोधनका विषयमा मध्यमार्गी बाटो राख्न एमाले र कांग्रेससँगै अरू दल पनि सहमत हुने देखिन्छ । त्यसैले धेरै समय नलाग्ला ।'

## कानुन मिचेर...

यसरी पेस भएको प्रस्ताव व्यावहारिक र कार्यान्वयनयोग्य ठहरिए मात्र संघीय सरकारले ऋण लिन सहमति दिन सक्छ । तर, व्यावहारिक रूपमा यी कानुनी सर्तहरू प्रदेश सरकारले बेवास्ता गरिरहेका छन् । हालसम्म कुनै पनि प्रदेशले आन्तरिक ऋण उठाउनका लागि सहमति नमागेको अर्थ मन्त्रालयअन्तर्गतको वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख महेश बराल बताउँछन् ।

प्रदेशहरूले पटक-पटक यसरी संघ सरकारको अनुमतिबिनै आन्तरिक ऋणलाई स्रोत देखाएर आर्थिक अनुशासन मिच्न थालेपछि कानुनमै कडाइ गर्न लागिएको उनको भनाइ छ । आन्तरिक ऋण मात्र नभई प्रदेशलाई दिने ऋण र वैदेशिक अनुदानका लागि केन्द्र सरकारको अनुमति आवश्यक पर्ने बरालले बताए । संघीयता कार्यान्वयनसँगै प्रदेश तथा स्थानीय तहलाई कानुन निर्माणदेखि बजेट तर्जुमा, योजना कार्यान्वयन र लेखापरीक्षणसम्मको अधिकार प्राप्त भए पनि उनीहरूले अझै पनि वित्तीय अनुशासन, कानुनी प्रक्रिया र व्यावहारिक क्षमता निर्माणमा चासो देखाएका छैनन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा १५ ले घाटा बजेट ल्याउन सक्ने व्यवस्था गरेको छ । तर, घाटा पूर्तिका लागि स्रोत परिचालनको स्पष्ट योजना तयार पार्नुपर्ने सर्त प्रदेशहरूले पूरा गरेका छैनन् । त्यसैगरी, सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ६ अनुसार संघीय सरकारको सहमति र आयोगको सिफारिसमा मात्र ऋणपत्र जारी गर्न सकिने व्यवस्था छ । यसका लागि समेत प्रदेशले कुनै पहल थालेका छैनन् ।सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाका अनुसार हालसम्म कुनै पनि प्रदेशले आन्तरिक ऋण उठाउन प्रक्रिया अघि बढाएका छैनन् । यसरी हेर्दा प्रदेश सरकारले आन्तरिक ऋणसम्बन्धी अधिकारको प्रयोग गर्न न कानुनको परिपालना गरेका छन्, न त व्यावहारिक योजना र संस्थागत समन्वयमा गम्भीरता देखाएका छन् । यस्ता कमजोरीहरूले समग्र संघीय वित्तीय प्रणालीलाई अस्थिर बनाउने मात्र नभई सशक्त प्रदेश शासनको परिकल्पनालाई असफल बनाउन भूमिका खेलिरहेको जानकारहरू बताउँछन् ।

स्पष्ट योजनाबिनै आन्तरिक ऋणलाई स्रोतका रूपमा बजेटमा देखाउने तर त्यसलाई परिचालन गर्न असफल हुने प्रवृत्तिले गम्भीर संस्थागत लापरबाही मात्र नभई वित्तीय पारदर्शिता र जबाफदेहितामा प्रश्न उठाएको छ । प्रदेशहरूले आन्तरिक ऋण उठाउन पाउने भए पनि अहिले उनीहरूले बजेट आकार बढाउनकै लागि मात्र त्यसलाई स्रोत देखाउने र योजनामा हालीमुहाली गर्ने गलत प्रवृत्ति देखिएको संघीयता तथा योजनाविज्ञ डा. खिमलाल देवकोटा बताउँछन् ।

## अकाल मृत्युको...

१८ वर्ष पुग्नेबित्तिकै मोटरसाइकल किन्ने र अनियन्त्रित तरिकाले चलाउँदा सहरी क्षेत्रमा धेरैको ज्यान जाने गरेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी प्रवक्ता दीपक गिरीले बताए । उनका अनुसार काठमाडौंमा सबैभन्दा बढी १८ देखि ३५ वर्षबीचका व्यक्तिहरू दुर्घटना गराउने र गर्नेमा पर्छन् । गत आर्थिक वर्षमा सबैभन्दा बढी २५ हजार १४२ वटा मोटरसाइकल दुर्घटनामा परेका छन् । त्यसमा पनि सबैभन्दा बढी मधेस प्रदेशमा ७ हजार २०१ वटा दुर्घटना भएको प्रहरीको तथ्यांक छ । गत आर्थिक वर्षमा काठमाडौं उपत्यकामा ६ हजार ५३७ वटा मोटरसाइकल दुर्घटना भएका छन् । सबैभन्दा कम गण्डकीमा २६० वटा मोटरसाइकल दुर्घटनामा परेका छन् । त्यस्तै, गाउँगाउँमा खुलेका सडक ट्र्याकका कारण पनि पछिल्ला वर्षहरूमा दुर्घटना बढेको छ । ग्रामीण भेगमा साँघुरा कच्ची सडकहरूका कारण जिप र ट्र्याक्टर दुर्घटनाको संख्या बढेको बताइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०।०३।१९ मा दर्ता भएको **दर्ता नं. ३१३५२७ को आम्वाज अलमसेला च्यारिटी** नामक कम्पनी यस कार्यालयको मिति २०८१।१०।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१३ गते**

यस कम्पनीको मिति २०८२।०१।२१ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाम हेफ्नर नेपाल प्रा.लि.को नाम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२।०४।०६ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गर्न स्वीकृत भएको हुँदा साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम राधे श्यामा इन्टरनेशनल प्रा.लि.(अंग्रेजीमा **Radhey Shyama International Pvt. Ltd.**) कायम भएको हुँदा सम्बन्धित सबैलाई जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**राधे श्यामा इन्टरनेशनल प्रा.लि. (प्रा.लि.नं.२८९७४३।०७८।०७९)**
**विराटनगर–५, नेपाल**

## Saudi मा रोजगार — Solid Metals Industry Company

पुर्व स्वीकृती मितिः २०८२/०४/०८ | चलानी नं.: ६०२४१५९१ | LT No.: 327766

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manufacturing Worker | 1 | [illegible] | 1700 | ६२,६२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८२ साउन २० गते (5 Aug., 2025) यस प्रा. लि. कार्यालय बागडोल, ललितपुरमा हुनेछ ।**

[illegible]

**Liberty H.R. Consultant Pvt. Ltd.**
Baghdol - 4, Lalitpur, Tel.: 01-5191561, 5191560
Email: info@libertyhrconsultant.com, Web.: www.libertyhrconsultant.com
Licence No.:922/067/68

## Malaysia मा रोजगार — Alpha Multi Force Sdn. Bhd.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/१२/२६ | चलानी नं. : ६०२३५८६९ | LT No.: 321759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 2 | काममा दक्ष | 1700 | ५५,७५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ताः २०८२ साउन २० गते (5 Aug., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।**

[illegible]

**Top Jobs Pvt. Ltd.**
Basundhara Chok (Top Jobs Home), Kathmandu, Nepal
Tel: 01-5903102, 5903103, 9851121311, E-mail: info@topjobsnepal.com
Govt. Lic. No.: 605/062/063

## Joshipur Rural Municipality
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit Joshipur, Kailali**

**Cancellation of Bid**

**Cancellation Date: 29th July, 2025**

This is to notify all concerned that the bid invitation notice published on 6th July, 2025 on Sourya National Daily and PPMOe-GP portal www.bolpatra.gov.np/egp of government of Nepal for the Construction of Pataopur Water Supply Project in Joshipur Rural Municipality, Kailali "IFB No.: NP-DWSSM-484026-CW- RFB" is hereby cancelled due to technical reason.

**Project Manager**

## Gosaikunda Rural Municipality
**Office of the Rural Municipal Executives**
**Syafrubensi, Rasuwa**

**Invitation for Bids**

**Date of Publication: 29th July, 2025**

1. **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO e- GP system www.bolpatra.gov.np/egp. or **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa, email address: gosaikundapalika@gmail.com, Telephone: 010-541088**
3. Bidders should submit their bid electronically and should deposit the cost of the bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of the bidding document in the Bank:**
   **Name of the Bank: Nepal Bank Limited, Dhunche Branch, Dhunche, Rasuwa**
   **Name of Office: Gosaikunda Rural Municipality, Syafrubensi, Rasuwa**
   **Cost of Bidding Document: NRs. 3000**
   **Internal Revenue account no.: 11103000001001000001**
4. Pre-bid meeting will be held in **Gosaikunda Rural Municipality, Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** at 13:00 hrs on 15/08/2025
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00** ***Hrs*** on ***28th Aug, 2025.***
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 Hrs on ***28th Aug 2025*** at **Gosaikunda Rural Municipality, Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa.**
7. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.

| S.N | Contract ID No./ Description | Bid Security Amount (NRs) | Estimated Amount Without VAT and PS (Nrs) | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | GRM/NCB-01/2082-83 Upgrading of Road from Ronga to Thuman at Ward no.1, Thuman | 257000 | 85,97,598.28 | 17:00 Hrs on 27th Aug, 2025 | 12:00 Hrs on 28th Aug, 2025 | 13:00 Hrs on 28th Aug, 2025 |
| 2 | GRM/NCB-02/2082-83 Construction of metal fencing at Thulosyafru | 257000 | 85,98,475.19 | 17:00 Hrs on 27th Aug, 2025 | 12:00 Hrs on 28th Aug, 2025 | 13:00 Hrs on 28th Aug, 2025 |
| 3 | GRM/NCB-03/2082-83 Upgrading of Rasuwa Secondary School Building ,Ward no.6, Dhunche | 168000 | 56,19,272.25 | 17:00 Hrs on 27th Aug, 2025 | 12:00 Hrs on 28th Aug, 2025 | 13:00 Hrs on 28th Aug, 2025 |